# सिटि होटल लिमिटेड

CITY HOTEL

छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौं
५६७१२००/५६७१२०१ फ्याक्स नं. ५३८७०४१,
इमेलः info@cityhotel.com.np वेभसाइटः www.cityhotel.com.np

HYATT PLACE™ Kathmandu

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित अनुसूचि – १४
## आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रैमासिक अवधिको प्रतिवेदन

सिटी होटल लिमिटेडको २०८० पौष मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रैमासिक लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

**१. वित्तीय विवरणः**

(क) आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रैमासिक अवधिको वासलात र नाफा-नोक्सान सम्बन्धी विविरणः
आर्थिक वर्ष २०८०/०८१अन्तर्गत कम्पनीको १४ जनवरी २०२४ मा समाप्त (१७ जुलाइ २०२३ देखि १४ जनवरी २०२४ सम्म) दोस्रो त्रैमासिक अवधिको वैधानिक लेखापरिक्षण हुनु पूर्वका तुलनात्मक वित्तीय विवरणहरु अनुसूचि-१ मा प्रस्तुत गरिएको छ ।
दोस्रो त्रैमासिक समिक्षा अवधिमा सम्बन्धित पक्षहरु बिच नियमित व्यवसाय कारोबार र यस प्रतिवेदनको २ (घ) मा उल्लेख गरिएको बाहेक कुनै कारोबार नभएको ।

(ख) आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रैमासिक अवधिको लेखापरिक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु

| विवरण | दोश्रो त्रैमासिक अवधि पौष मसान्त २०८० (लेखापरिक्षण नभएको) | आघिल्लो त्रैमासिक अवधि आश्विन मसान्त २०८० (लेखापरिक्षण नभएको) | त्रैमासिक अवधि पौष मसान्त २०७९ (लेखापरिक्षण भएको) |
|---|---|---|---|
| **प्रमुख वित्तीय सूचांकहरु** | | | |
| ऋण पुँजीको अनुपात | ०.६६ | ०.६६ | ०.६६ |
| शेयरधनीको शेयर पुँजी कोषको प्रतिफल | (०.०७) | (०.०४) | (०.०८) |
| प्रतिशेयर आम्दानी (रु) | (७.०५) | (३.६०) | (८.७९) |
| प्रतिशेयर नेटवर्थ (रु) | ९६.५ | १००.०२ | ११०.०६ |
| प्रतिशेयर कुल सम्पत्तिको मूल्य (रु) | ३२६.४२ | ३२६.६८ | ३६२.४६ |
| प्रतिशेयर बजार मूल्य (रु) | ६७४.९० | ५४९ | |
| प्राइस अर्निङ्ग रेसियो | (९५.७३) | (१५२.३१) | |
| चालु अनुपात | ०.४५ | ०.४७ | १.८१ |

**२. व्यवस्थापकीय विश्लेषणः**

(क) सिटी होटल लिमिटेड (हायात प्लेस) काठमाडौं, कोभिड पछि सञ्चालनमा आएको पहिलो ५ (पाँच) तारे होटल हो । ओमिक्रोनका कारण गत आर्थिक वर्षसम्म महामारीको समयमा पर्यटन उद्योगमा नराम्रो प्रभाव परेकोथियो । यस होटलले आफूले प्रदान गर्ने सेवाहरुको गुणस्तर, खाना र अनुभवका आधारमा बेन्चमार्क कायम गरेको छ । हाम्रा अतिथिहरुले यस होटलले व्यक्तिगत मौलिकताको साथै अतिथिलाई प्रदान गर्ने सन्तुष्टीको बारेमा प्रसंशा गर्ने गर्दछन् । नेपालमा अन्तराष्ट्रिय पर्यटकहरुको आगमन आर्थिक वर्ष २०८०/०८१ को दोस्रो समिक्षाको तीन महिना कार्तिक, मंसिर र पौषमा आर्थिक वर्ष २०७९/०८० को तुलनामा उल्लेखनीय सुधार रहेको देखिन्छ जसले आगामी दिनहरुमा अझै होटलको आम्दानीमा वृद्धि हुने देखिन्छ । आर्थिक वर्ष २०८०/०८१ को दोस्रो त्रैमासिक समिक्षा अवधीसम्म२४ करोड ३० लाखको कुल कारोबार गरेकोछ । सो कारोवार गत आर्थिक वर्षको सोहि अवधीसँग तुलना गर्दा ३ करोड ९ लाखले अर्थात १५% प्रतिशतले वृद्धि भएको छ । साथै होटलले सेवा तथा खानाको स्तर र ग्राहकहरुको सन्तुष्टिको लागि बेन्चमार्क राखेको छ र सो बेन्चमार्क बमोजिम कार्य सम्पादन हुने गर्दछन् ।

(ख) कम्पनीले अप्रिल ०१,२०२३ देखि क्यासिनो सञ्चालनका लागि केही भाग भाडामा दिएर भाडा बापत आम्दानी गर्न थालेको छ र क्यासिनो सञ्चालनमा आएपछि त्यसले होटलको रुम अकुपेन्सि तथा आम्दानी बढ्ने प्रक्षेपण गरिएको छ । हाल निर्माणाधीन थप २००(दुई सय)व्यक्ति अटाउने क्षमता भएको ब्याङक्वेट हल विस्तार गरी २०८० सालको पौष मसान्तभित्र सम्पन्न गर्ने योजना बनाएकोमा डिजाइनमा केहि परिवर्तनको कारणले २०८१ साल जेष्ठ मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य राखेकाछौं । सो विस्तारित ब्याङक्वेटहलको निमार्ण सम्पन्न भएपछि सो वापत आगामी आर्थिक वर्षमा कम्पनीको थप आम्दानी बढ्नेछ । व्यवस्थापनले हायातप्लेस (Hyatt Place) ब्राण्डलाई हायातसेन्ट्रिक (Hyatt Centric) ब्राण्डमा स्तरोन्नति गर्ने योजना बनाएको छ र हायात इन्कर्पोरेशनसंग संशोधित सम्झौता गरीसके पश्चात् आर्थिक वर्ष २०८१/०८२ को प्रथम त्रिमासिकसम्ममा स्तरोन्नती गरिने लक्ष्य लिएको छ ।

(ग) पर्यटन क्षेत्रको विकास मार्फत विदेशी मुद्रा आर्जन गर्ने, स्वदेशमा नै रोजगार सृजना गरी नेपालमा रहेका ऐतिहासिक कला संस्कृति तथा भौगोलिक विविधताको प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने उद्देश्यले स्वदेशी लगानीकर्ताहरुद्धारा संस्थापित एंव सञ्चालित यस सिटी होटल लिमिटेडले (हायात प्लेस) आफ्नो व्यवसाय सञ्चालन गरेको जानकारी गराउदै यस होटलले जनवरी, २०२४ मा Hotel Critics & Bloggers Association & worldwide Best Hotel.Com" अन्तर्गत "International Tourism and Hospitality Award for the Best Hotel/Resort of Nepal" प्राप्त गरेको छ, तथा यस होटलका महाप्रवन्धक श्री वरुण तल्वारज्यूले Hotel Critics & Bloggers Association & worldwide Best Hotel.Com" अन्तर्गत "International Tourism & Hospitality Award for the Best General Manager of the Nepal" प्राप्त गरेका छन् । साथै, Booking.com Traveler review Awards 2024 मा Hyatt Place, Kathmandu लाई 8.9 out 10 rating प्रदान गरेको व्यहोरा सहर्ष जानकारी गराउदछौं ।

(घ) यस कम्पनीले हालसम्म बैंकबाट लिएको ऋणको सावाँ तथा ब्याजको भुक्तानी नेपाल राष्ट्र बैंकद्वारा समय समयमा निर्देशित सुविधाहरु प्राप्त गर्दै निर्धारित समयमा भुक्तानी गरिरहेको छ । कम्पनीलाई नगदको आवश्यक परेको खण्डमा सञ्चालक समितिको निर्णय बमोजिम संस्थापक सञ्चालकहरुबाट विना ब्याज अल्पकालिन पेश्की लिई लोनको ब्याज भुक्तानी गरिएकोछ । पौषमसान्तमा सञ्चालकलाई तिर्नपर्ने पेश्की तीन करोड पन्चानब्बे लाख छ ।

**३. कानूनी कारबाही सम्बन्धी विवरणः**

(क) हालसम्म कम्पनीले कुनै पनि मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दार भएको जानकारी प्राप्त भएको छैन ।

(ख) हालसम्म कम्पनीका संस्थापक वा सञ्चालकको विरुद्धमा तथा संस्थापक वा सञ्चालकले प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषणः**

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ । शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तठस्थ रहेकोछ ।

(ख) सिटी होटल लिमिटेड कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को पौषमसान्तमा अन्त्य भएको दोस्रो त्रैमासिक अवधिमा प्रतिशेयर रु १००/- का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिममूल्य, कारोबार भएको कुलदिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छः

| दोश्रो त्रैमासिक आ.व.२०८०/०८१ (२०२३/२४) | शेयरको कारोबार (मूल्य (रु.) | | | कुल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| दोश्रो त्रैमासिक (२०८० पौष मसान्त) | ७४७/०० | ५०३/७० | ६७४/९० | ४९ | १२,४३२ | ९,५२,०२३ |

**५. समस्या र चुनौतीः**

(क) आन्तरिकः
- यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

(ख) बाह्यः
- स्थानः मुख्य शहर र विमान स्थलबाट दुरीमा रहेको, नजिकमा सपिङ्ग सेन्टर, क्याफे, रेष्टुरेण्ट तथा आकर्षक ठाँउ नभएको ।
- हाल अन्य धेरै ब्राण्डेड होटलहरु खोलिने क्रममा रहेका ।
- विलासिता कर लगाउनाले पाँचतारे होटेलमा बस्दा लाग्ने खर्च बढ्ने ।
- देशको अर्थतन्त्र अझै सहज भई नसकेको र व्याजदर उच्च रहेका ।

**उल्लेखित समस्या तथा चुनौतिहरु हुँदा पनि यस होटलको व्यवसायलाई वृद्धि गर्न निम्न रणनिति अपनाउनेः**
- अतिथिहरूलाई प्रदान गरिएका सेवाहरू र अनुभवहरूको स्तरलाई कायम राख्ने र स्तर वृद्धि गर्ने, जसले Hyatt Place काठमाडौं रुचाइएको होटलको रुपमा निरन्तरता पाओस् ।
- ठूला कार्यक्रमहरुलाई आर्कषित गर्न ब्याङ्क्वेटको क्षमता विस्तार गर्ने ।
- होटललाई हायात सेन्ट्रिक (Hyatt Centric) मा स्तरोन्नति गर्ने ।
- भारत, बङ्गलादेश, तथा चीनका प्रमुख बजारहरूमा होटललाई मनोरञ्जन गन्तव्यको रूपमा प्रवर्द्धन गर्नुपर्ने योजनाहरु बनाउने ।
- कर्पोरेट सभा तथा समाजिक कार्यक्रम संचालनको लागि आकर्षण बढाउने ।
- कम्पनीको व्यवसायलाई समय समयमा समिक्षा गरी शेयरधनीहरुलाई उच्च प्रतिफल प्रदान गर्ने, समय अनुसार व्यवसाय वृद्धिको लागि प्रभावकारी बजार रणनीतिमा ध्यानदिई आवश्यक कार्यहरु गर्दै जाने ।

**६. संस्थागत सुशासनः**

***संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :***

क) कम्पनीले प्रचलित ऐन तथा कानून बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय-समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा पालना गरेको छ ।

ख) कम्पनीको लेखापरिक्षण समितिले आन्तरिक लेखापरिक्षणबाट त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सल्लाह र सुझावहरु समय समयमा दिने गरेको छ ।

ग) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटलको आफ्नै आन्तरिक लेखापरिक्षण विभाग समेत क्रियाशील रहि कार्यहरु गर्दै आइरहेका छन् । कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र आन्तरिक नियन्त्रण प्रणाली समिति लगायत अन्य आवश्यक उच्च व्यवस्थापनका पदाधिकारीहरु आ-आफ्नो स्थानबाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाममुखी कार्यहरु गर्दै आइरहेका छन् ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषणः**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारी लुकाएको छैन ।

## PROVISIONAL FINANCIAL STATEMENT

### As on Poush 29, 2080 (January 14, 2024) Second Quarter ( Fiscal Year 80-81)

*Amount in NRS*

| Particulars | As on January 14, 2024 Poush End 2080 UNAUDITED | As on Oct. 17, 2023 Ashwin End 2080 UNAUDITED | As on January 14, 2023 Poush End 2079 UNAUDITED |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant and Equipment | 4,602,159,168.66 | 4,606,292,389.84 | 4,656,564,586.25 |
| Intangible Assets | 35,345,763.82 | 36,413,893.85 | 35,118,526.47 |
| Investment Property | 363,155,619.34 | 366,756,940.81 | 324,040,207.68 |
| Deferred Tax Assets | 135,247,880.06 | 119,877,824.81 | 67,411,327.89 |
| Other Assets | 34,005,854.82 | 49,995,278.17 | 32,141,535.36 |
| **Total Non Current Assets** | **5,169,914,286.70** | **5,179,336,327.47** | **5,115,276,183.65** |
| **Current Assets** | | | |
| Inventories | 6,308,787.49 | 5,303,720.43 | 9,156,686.87 |
| Cash and Cash Equivalents | 11,963,933.25 | 6,034,530.82 | 21,469,834.72 |
| Trade Receivables | 48,894,618.04 | 38,596,881.29 | 41,841,421.47 |
| Prepayments | 10,109,972.20 | 9,558,006.05 | 11,846,183.59 |
| Other Assets | 217,032,453.10 | 229,867,763.52 | 261,185,539.04 |
| **Total Current Assets** | **294,309,764.07** | **289,360,902.11** | **345,499,665.69** |
| **Total Assets** | **5,464,224,050.78** | **5,468,697,229.58** | **5,460,775,849.34** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 1,674,000,000.00 | 1,674,000,000.00 | 1,506,600,000.00 |
| Share Application Money | - | - | - |
| Other Equity | (58,517,647.92) | 285,502.82 | 151,569,455.51 |
| **Total Equity** | **1,615,482,352.08** | **1,674,285,502.82** | **1,658,169,455.51** |
| **Non Current Liabilities** | | | |
| Long Term Borrowings | 3,125,177,266.73 | 3,117,263,264.35 | 3,158,503,982.85 |
| Lease Liabilities | 45,793,412.87 | 44,760,441.20 | 44,887,995.57 |
| Other Liabilities | 17,703,632.66 | 18,599,535.16 | 408,739,675.43 |
| **Total Non Current Liabilities** | **3,188,674,312.26** | **3,180,623,240.71** | **3,612,131,653.85** |
| **Current Liabilities:** | | | |
| **Financial:** | | | |
| Trade Payables | 78,748,064.91 | 70,426,016.45 | 75,735,279.92 |
| Short Term Borrowings | 80,990,312.37 | 70,803,050.66 | 74,049,378.32 |
| Lease Liabilities | 3,617,612.62 | 3,763,641.62 | 6,862,642.74 |
| Other Liabilities | 496,711,396.54 | 468,795,777.30 | 33,827,439.00 |
| Provisions | - | - | - |
| **Total Current Liabilities** | **660,067,386.43** | **613,788,486.03** | **190,474,739.98** |
| **Total Equity and Liabilities** | **5,464,224,050.78** | **5,468,697,229.58** | **5,460,775,849.34** |

### STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED 14 January, 2024

| Particulars | For Period Ended January 14, 2024 Poush End 2080 UNAUDITED | For Period Ended October 17, 2023 Ashwin End 2080 UNAUDITED | For Period Ended January 14, 2023 Poush End 2079 UNAUDITED |
|---|---|---|---|
| **Income** | | | |
| Revenue from Operations | 243,046,892.53 | 115,959,763.09 | 212,069,627.72 |
| Miscellaneous Income | 35,471,092.48 | 16,758,234.42 | 10,774,780.62 |
| **Total Revenue** | **278,517,985.01** | **132,717,997.51** | **222,844,408.34** |
| **Expenditure:** | | | |
| Cost of Goods Sold | 65,296,807.81 | 27,486,420.07 | 56,671,178.88 |
| Employee Cost | 49,950,377.73 | 23,947,163.57 | 34,378,752.49 |
| Brand Operator Fees | 9,188,649.20 | 4,125,980.91 | 6,454,877.49 |
| Administrative & Operating Expenses | 62,541,363.36 | 30,673,903.67 | 60,520,429.01 |
| **Total Expenditure** | **186,977,198.09** | **86,233,468.22** | **158,025,237.87** |
| **Profit Before Interest, Depreciation & Tax** | **91,540,786.92** | **46,484,529.29** | **64,819,170.47** |
| Finance Cost | 174,891,475.94 | 90,144,591.15 | 165,666,330.75 |
| Depreciation & Amortization Expenses | 66,337,893.09 | 34,085,483.32 | 65,174,658.90 |
| **Profit/Loss Before Tax** | **(149,688,582.11)** | **(77,745,545.18)** | **(166,021,819.18)** |
| **Less:** | | | |
| **Prior Year Taxes** | | | |
| Current Tax | - | - | - |
| Deferred Tax | (31,696,381.83) | (17,405,849.63) | (33,541,403.15) |
| **Net Profit/Loss After Tax** | **(117,992,200.28)** | **(60,339,695.55)** | **(132,480,416.03)** |

***Notes:*** *The above Financial Statement is presented in accordance with Nepal Financial Reporting Standard (NFRS). The financial statement is subject to change at the time of statutory audit or changes made by Regulatory authority, if any.*